# प्रेश विज्ञप्ति



माननीय अर्थ मन्त्री डा.युवराज खतिवडाले आज मिति २०७५ असौज ९ गते काठमाडौंमा आयोजित एशिया तथा प्रशान्त क्षेत्रका जीवन तथा निर्जिवन बीमा व्यवसायीहरुको अन्तर्राष्ट्रिय सम्मेलन(**21st AIRDC Conference 2018)** लाई प्रमुख अतिथिको रुपमा सम्वोधन गर्दै वर्तमान मानव जीवन र उद्योग व्यवसाय जोखीमपूर्ण हुँदै गएको वताउनु भएको छ। सबै प्रकारका विपद् र जलवायु परिवर्तन समेतका कारणले उत्पन्न भएको थप जोखीमको चर्चा गर्दै अर्थ मन्त्री डा.खतिवडाले सूचना प्रविधि तथा नयाँ औद्योगिक क्रान्तिका कारण सिर्जित थप प्रणालीगत जोखीम बढेको चर्चा गर्नु भयो।साथै एकीकृत हुँदै गएको विश्व वित्तीय व्यवस्थाका कारण आउने आर्थिक संकट र वित्तीय क्षेत्रका जोखीम मुख्य रहेको उल्लेख गर्नु भयो।

बीमा सञ्चालनका समस्याहरु औल्याउदै माननीय अर्थ मन्त्री डा.खतिवडाले बीमा व्यवसायीले जोखीम विविधिकरण गर्नुपर्ने, सवारी साधन जस्तो सजिलो क्षेत्र मात्र नहेरि बीमा व्यवसायको सेवा कुशलतामा बृद्धि गर्नुपर्ने, भुक्तानीमा रहेको झंझट हटाउनु पर्ने कुराहरु समेत औल्याउदै दक्ष जनशक्ति, आधुनिक प्रविधि र सूचना प्रविधिको उच्च उपयोग बीमा क्षेत्रले गर्नुपर्ने जरुरी रहेको बताउनु भयो।बीमा व्यवसायीहरु प्रति सेवाग्राहीको उच्च अपेक्षा रहेको र खास गरी बैंकिङ्ग सेवा जस्तै तत्काल बीमा भुक्तानी पाउनु पर्ने अपेक्षा रहेकोले सेवा विस्तार गर्दै परम्परागत क्षेत्रबाट नयाँ आर्थिक क्षेत्रमा जानु पर्ने औल्याउनु भयो।

माननीय अर्थ मन्त्री डा.खतिवडाले वित्तीय समावेशिता मार्फत समावेशी आर्थिक बृद्धिका लागि तथा कृषक, साना व्यवसायी र विपन्नहरुको व्यवसायिक जोखिम घटाउन लघु बीमाको औचित्यको वारेमा समेत प्रकाश पार्नु भएको थियो।

अर्थ मन्त्रालय

२०७५ असौज ९ गते।